**निर्णय नं. १:**

यस रत्ननगर नगरपालिकाको आठौं नगर सभा बैठक मिति २०७७।०९।२९ गते बुधबारका दिन आयोजना गर्ने निर्णय गरियो ।

**निर्णय नं. २:**

यस नगरपालिका क्षेत्रभित्र वसोवास गर्ने स्थानीय वासिन्दाले खानेपानीका धारा, विधुत जडान, विभिन्न काममा सडक खन्ने, मेला/हाट बजार आयोजना गर्ने, सार्वजनिक क्षेत्रमा रुख कटान गर्ने जस्ता कार्यहरु गर्न स्थानीय सरकार संचालन ऐन २०७४ वमोजिम स्थानीय पालिका र वडा समितिको अधिकार क्षेत्रभित्र पर्ने भएकोमा उल्लेखित कार्यहरु वडा कार्यालयको सिफारिस बिना हुने गरेको पाईएकोले उक्त कार्य कानुन विपरित भएको, नगरपालिकाको राजश्व चुहावट हुन गएको र स्थानीय सरकारको दायित्व र अधिकार क्षेत्रमा अतिक्रमण गरिएको महसुस हुन गएकोले अव आउँदा दिनहरुमा वडा कार्यालयको सिफारिसको आधारमा मात्र उल्लेखित कार्यहरु गर्न गराउन सम्बन्धित कार्यालयहरुलाई पत्राचार गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३:**

रत्ननगर नगरपालिका ११ नं. वडा कार्यालयको प.सं. ०७७।०७८, च. नं. ९६१, मिति २०७७।०९।१९ को पत्रानुसार वडा नं. ११ को आ. व. ०७७।०७८ को लागि विनियोजित एवं छैटौं नगर सभाबाट पारित खर्च शिर्षक नं. २२५२२ को यूवा तथा खेलकुद कार्यक्रम रु. २५,०००।- (पच्चीस हजार मात्र) लाई रकमान्तर गरी सडक वत्ति मर्मत तथा सम्भार शिर्षकमा रकमान्तरका लागि लेखि आएकोले सोही वमोजिम गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४:**

यस नगरपालिकाका कानुनी सल्लाहकार अधिवक्ता श्री प्रकाश राज रेग्मीले करार अवधि थप सेवा सुविधाको रकम बृद्धि गरी पाउँ भनी पेश गर्नु भएको निवेदन सम्बन्धमा वार्षिक रु. १,५०,०००।- (एक लाख पचास हजार मात्र) नबढ्ने गरी उपलब्ध गराउने र आ.व. २०७७।०७८ को लागि (२०७७ श्रावणदेखि २०७८ असार मसान्तसम्म) एक वर्षको करार अवधि थप गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५:**

फोहोर मैला व्यवस्थापनका लागि हप्ताको लागि एक पटक अनिवार्य रुपमा शनिवार बजार सफा गर्न अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६:**

यस नगर क्षेत्र भित्रको बजार क्षेत्रको विविध व्यवस्थापन गर्नका लागि बजार व्यवस्थापन समितिको कार्यविधि बनाउने र तपसिल वमोजिम बजार व्यवस्थापन समिति पुनर्गठन गर्ने निर्णय गरियो ।

तपसिल:

| | |
|---|---|
| संयोजक | श्री शंकर सिं तमाङ्ग, (१ नं. वडा अध्यक्ष) |
| सदस्य | श्री कमल बहादुर घिमिरे (१० नं. वडा सदस्य) |
| सदस्य | श्री अपिल अधिकारी (२ नं. वडा सदस्य) |
| सदस्य | श्री किशोर बाबु पुरी (३ नं. वडा सदस्य) |
| सदस्य | श्री सरस्वती लामा (कार्यपालिका सदस्य) |
| सदस्य | उद्योग वाणिज्य संघका प्रतिनिधि |
| सदस्य | ईलाका प्रहरी कार्यालयका प्रतिनिधी |
| सदस्य | ट्राफिक प्रहरी कार्यालयका प्रतिनिधी |

सचिव बजार अनुगमन अधिकृत, रत्ननगर नगर कार्यपालिकाको कार्यालय

**निर्णय नं. ७:**

खगेरी नहरको पानी भरतपुर महानगरपालिकाले मात्र सदुपयोग गरेको र उक्त नहरले यस नगरपालिकामा समेत वर्षायाममा जग्गा डुवान र कटान गरी क्षति पुऱ्याई रहेकोले रोकथाम तथा क्षतिपूर्ति मागका लागि सम्वन्धित निकायमा अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८**

पंचकन्याको मुल नहर छेउ सडक निर्माण नगरी दिन जलश्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय, भरतपुर र पंचकन्या नहर जल उपभोक्ता संस्थाबाट पत्र प्राप्त भएको सम्बन्धमा बाटो बनाउँदा नहर छेउमा बलियो कंक्रिट वाल पर्खाल निर्माण गरिएको हुँदा नहर क्षेत्रको सुरक्षा हुन गएको र नहरको दीगो संरक्षण गर्न हेभी गाडीहरुलाई वैकल्पिक बाटो व्यवस्था गरी प्रवेश गर्न निषेध गर्ने साथै नहरको संरक्षण र सम्वर्द्धन गर्दै नहर सुचारु गर्न नगरपालिकाले उचित ढंगले ध्यान दिने निर्णय गरियो ।

**निर्णय नं. ९**

राप्ती ड्यामको Beautyfy गर्न रु. ५० लाख प्राप्त भएकोमा सोको डिपिआर तयार गर्न रु. ५ लाख विविध सार्वजनिक निर्माण शिर्षकबाट विनियोजन गर्ने ।

**निर्णय नं. १०**

प्रधानमन्त्री रोजगार कार्यक्रमको काम उपलव्धीमुलक हुने गरी नगरस्तरिय आयोजना संचालन गर्ने ।

**निर्णय नं. ११:**

एकीकृत सम्पत्तिकर र घर बाटो सिफारिस गर्दा जुनसुकै वडाबाट लिने व्यवस्था गर्दा विविध समस्या आएको र राजश्व समेत चुहावट हुन सक्ने भएकोले सम्बन्धित वडाबाट मात्र बुझ्ने व्यवस्था मिलाउन वडा कार्यालयहरुमा पत्राचार गर्ने निर्णय गरियो ।

**निर्णय नं. ११:**

१. आधारभूत स्वास्थ्य केन्द्रको भवन निर्माणको वजेटका लागि पहल गर्ने ।

२. सघन शहरी विकास कार्यालयबाट खरको छाना विस्थापित गर्ने कार्यका लागि २१६ घर छनौटका लागि वडाबाट विवरण माग गर्ने ।

३. आकासे पुल निर्माण स्थलमा आकस्मिक कार्यको लागि भएको खर्चको भुक्तानी दिने ।
   - क. फाउण्डेसन फिलिङ्गको काम रु. ३५०,०००।-
   - ख. आकाशेपुल नजिकमा कालोपत्रे रु. ५,००,०००।–
   - ग. फाउण्डेसनको वरिपरि मोज्याक टायल रु. ५,००,०००।-

४. क्रमागत गर्न छुट भएका योजनाहरुको कागजात अध्ययन गरी भुक्तानी दिने ।
   - क. बैरिया मा. वि. क्रिकेट पिच निर्माण रु. ३,३०,०००।-
   - ख. शान्तिचोक पिच मर्मत रु. १,६७,०००।-

५. विभिन्न योजनाको DPR निर्माणका लागि विनियोजित रकम रु. १५,००,०००।- बाट निम्न योजनाको विस्तृत परियोजना DPR तयार गर्न निम्नानुसारको रकम विनियोजन गर्ने ।
   - क. बजार क्षेत्रको ढल व्यवस्थापन वडा नं. १, २, १० र ४ को लागि रु. ५,००,०००।-
   - ख. औद्योगिक ग्राम र पार्क निर्माण १६ को DPR तयार गर्न रकम रु. १०,००,०००।- सम्बन्धित निकायमा अनुरोध गर्ने ।

६. सडक बोर्ड तर्फबाट विनियोजित हुने रकमको योजना स्थलगत अध्ययन गरी छनौट गर्ने निर्णय गरियो ।

७. शहीद स्मृति कलेजको प्रयोगशाला भवन निर्माणको लागि जिसस बाट रु. ३०,००,०००।- विनियोजन भई आएकोमा उपभोक्ता समिति मार्फत योजना सम्झौता गरी कार्यान्वयन गर्न माग भई आएकोले

नियमानुसारको जनसहभागिता वापतको रकम सम्बन्धित उपभोक्ता समितिले नै व्यहोर्ने गरी उपभोक्ता समिति मार्फत योजना संचालन गर्ने ।

**निर्णय नं. १३**

आर्थिक विकास समितिबाट भएका तपसिलका निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो ।

तपसिल:

१. मकै उत्पादन प्रवर्द्धन (बाली विकास) कार्यक्रम संचालन गर्ने क्षेत्रको अनुमोदन गरियो ।

२. आ. व. २०७८।०७९ को लागि पकेट कार्यक्रम संचालन गर्ने ।

३. क्रमागत कार्यक्रमको अनुगमन तथा हस्तान्तरण गर्ने ।

४. विविध बैंक उत्पादन प्रवर्द्धन (बाली विकास) कार्यक्रमको क्लष्टर तोक्ने कार्यको अनुमोदन गर्ने ।

५. रत्ननगर १४ स्थित गुराँसफुल बहुउद्धेश्यीय सहकारी संस्था लि.को उद्यमशिल कार्यक्रम स्वीकृत गर्ने ।

६. हाट बजार संचालन तथा व्यवस्थापन निर्देशिका २०७७ स्वीकृत गर्ने ।

**निर्णय नं. १४:**

भूमिहिन दलित, भूमिहिन सुकुम्वासी र अव्यवस्थित वसोवासीलाई व्यवस्थापन गर्ने सम्बन्धमा वडा कार्यालयहरुमा कार्यविधी पठाउने, वडामा यथासिघ्र समिति गठन गर्ने, वडाहरुमा फाराम पठाउने, स्थानीय FM, स्थानीय पत्र पत्रिका र सवै वडा कार्यालयहरुमा सूचना टाँस गर्ने, नापी कार्यालय, भरतपुर, चितवनसंग Total Station लगायतका उपकरण माग गर्ने र जग्गाको नाप नक्सा, रेखांकन, कित्ता काट जस्ता कार्य गर्न दक्ष प्राविधिक कर्मचारी खटाई दिन अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. १५**

तपसिलका व्यक्तिहरुले यस नगरपालिका विरुद्ध पुरानो भुक्तानी पाउँ भनी अदालतमा मुद्धा दायर गरी सम्मानित जिल्ला अदालतको निर्णय अनुसार भुक्तानी दिन आदेश भएवमोजिम निजहरुको तपसिल वमोजिम रकम र कोर्ट फि भुक्तानी दिने निर्णय गरियो ।

तपसिल:

| क्र.सं. | फर्मको नाम र ठेगाना | भुक्तानी दिनुपर्ने रकम | कोर्ट फि | कैफियत |
|---|---|---|---|---|
| १. | शिवकृपा अटो पार्टस सेन्टर, रत्ननगर १ (प्रो.खडानन्द सेढाई) | ३,६८,४३४।- | ९,६८८।- | |
| २ | पशुपति ईन्जिनियरिङ्ग वर्क्स प्रा. लि., भरतपुर १२ (प्रो.रामकुमार महतो थारु) | १,४९,८२५।- | ५,२४६।- | |
| ३ | लक्ष्मी अटो पार्टस, रत्ननगर १ (प्रो.शेर बहादुर तमाङ्ग) | ६,७२,५२७।- | १६,६१०।- | |
| | **जम्मा रकम रु.** | **११,९०,७८६।-** | **३१,५४४।-** | |

**निर्णय नं. १६:**

वडा नं. ३ को बेल्सी पुल देखि ग्याँस फ्याक्ट्रीसम्म कयर खोलाको ट्र्याक खोली शान्तिचोक बस्ती तथा बेल्सी गाउँ सुरक्षित गर्न वडास्तरीय विपद् व्यवस्थापन तथा सरसफाई वातावरण शीर्षकबाट रकम रु. ३,४८,०००।०० (अक्षेरुपी : तीन लाख अड्चालीस हजार मात्र) भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. १७:**

नेपाल सरकार वन तथा वातावरण मन्त्रालय, वातावरण विभागबाट लागत साझेदारीमा फोहोर मैला प्रशोधन प्लान्ट निर्माणको लागि यस रत्ननगर नगरपालिका छनौट भई सोको लागि अवधारणा पत्र माग भैआएको हुँदा यस नगरपालिकामा पनि फोहोर मैला व्यवस्थापन कार्य चुनौतीकोरुपमा रहेकोले यस रत्ननगर नगरपालिका वडा नं. ११ स्थित पंचकन्या सामुदायिक वन क्षेत्रमा रहेको ल्याण्डफिल साईटमा स्थापना गरी संचालन गर्न

वातावरण विभागमा लागत अुमान र कार्ययोजना सहितको प्रस्ताव पेश गर्ने र फोहोर मैला प्रशोधन प्लान्ट स्थापना गर्न वातावरण विभागसंग नगरपालिकाको समपुरक कोषमा विनियोजित रकमबाट लागत साझेदारी वापतको रकम व्यहोर्ने निर्णय गरियो ।

**निर्णय नं. १८:**

रत्ननगर वडा नं. ९ स्थित श्री प्रेम चन्द्र कुँवरको घुम्ती पसल २०७७।०५।२६ घुम्ती पसलमा चोरी भएकोले आर्थिक सहायताको लागि माग भै आएको र निज शारिरीकरुपमा अपांगता र विपन्न भएको बुझिएकोले निजलाई आर्थिक सहायता शिर्षकबाट रु. १०,०००।-(दश हजार) आर्थिक सहयोग गर्ने निर्णय गरियो ।

**निर्णय नं. १९**

मापदण्ड विपरित नदीजन्य तथा खानीजन्य पदार्थ अवैद्य रुपमा चोरी निकासी, संकलन तथा विक्री वितरण गर्ने सवारी साधनहरुलाई निम्नानुसार जरिवाना तथा सवारी संचालनमा रोक लगाउने निर्णय गरियो ।

जरिवाना तथा रोक्का अवधिः पहिलो पटक

| क्र.सं. | सवारी साधनको किसिम | जरिवाना रकम | रोक्का अवधि | कैफियत |
|---|---|---|---|---|
| १. | ट्रयाक्टर | १०,०००।- | ३ दिन | |
| २. | ट्रक/टिपर | २०,०००।- | ३ दिन | |
| ३. | जे.सि.भि./अन्य ठुला सवारी साधन समेत | १,००,०००।- | ३ दिन | |
| जरिवाना तथा रोक्का अवधिः दोश्रो पटक (पटके) | | | | |
| क्र.सं. | सवारी साधनको किसिम | जरिवाना रकम | रोक्का अवधि | कैफियत |
| १. | ट्रयाक्टर | १५,०००।- | १० दिन | |
| २ | ट्रक/टिपर | ३०,०००।- | १० दिन | |
| ३ | जे.सि.भि./अन्य ठुला सवारी साधन समेत | १,५०,०००।- | १० दिन | |
| जरिवाना तथा रोक्का अवधिः तेश्रो पटक (पटके) | | | | |
| क्र.सं. | सवारी साधनको किसिम | जरिवाना रकम | रोक्का अवधि | कैफियत |
| १. | ट्रयाक्टर | २०,०००।- | १ महिना | |
| २ | ट्रक/टिपर | ४०,०००।- | १ महिना | |
| ३ | जे.सि.भि./अन्य ठुला सवारी साधन समेत | २,००,०००।- | १ महिना | |

यसरी ३ पटक सम्म कारवाहीमा परेको सवारी साधनले पुनः सोही गतिविधी गरेको भेटिएमा उक्त सवारी साधनलाई तेश्रो पटकको दोव्वर दस्तुर जरिवाना गरी सो सवारी साधन संचालनमा पूर्ण रोक लगाउन आवश्यक प्रकृया अगाडि बढाउने ।